लुम्बिनी प्रदेश सरकार

# गृह मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. : ०८०/८१
च.नं. : ८१

(सञ्चार शाखा)

सूचना प्रकाशित मिति : २०८०/०७/१५ गते

यस मन्त्रालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेशमा सूचिकृत र आवद्ध टेलिभिजन कार्यक्रम संचालन सहकार्य अनुदान अन्तर्गन, एफ.एम.रेडियो कार्यक्रम प्रसारण सहकार्य कार्यक्रम र मन्त्रालयको तर्फबाट प्रकाशन गरिने सन्देशूलक सूचना सामग्री प्रकाशन गर्ने छापा संचार माध्यमलाई अनुदान वितरणको लागी यस मन्त्रालयमा सूचिकृत हुनुपर्ने भएकोले कार्यक्रम प्रसारण गर्न इच्छुक टेलिभिजनहरु, रेडियोहरु र छापा संचार माध्यमले देहाय बमोजिमका कागजातहरु संलग्न गरी कार्यालय कार्य दिन १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा उपस्थित भई सूचिकृतको लागी निवेदन दिनुहुन आदेशानुसार अनुरोध छ ।

<u>टेलिभिजनहरु, रेडियोहरु र छापा संचार माध्यामले सूचिकृत हुँदा निम्न बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ</u> ।

क) सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि - (नवीकरण समेत),
ख) विधान/प्रबन्धपत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि,
ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,
घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
ङ) अघिल्लो आर्थिक वर्षको रोयल्टी बुझाएको प्रमाण खुल्ने कागजपत्र,
च) इजाजतपत्रको नवीकरण,
छ) लाईसेन्सको नवीकरण,
ज) नियमित प्रसारण प्रमाणपत्र,
झ) जिल्ला हुलाक कार्यालयको सिफारिस पत्र,
ञ) सम्पादक/स्टेशन मेनेजरको नियुक्ति पत्रको प्रतिलिपी,
ट) रेडियो/टेलिभिजन/छापा संचार माध्यम सञ्चालन आफ्नै भवनमा भए सो को जग्गा धनी प्रमाण पूर्जा, भाडामा सञ्चालन भए घर धनीसँग गरेको सम्झौता पत्र,
ठ) कभरेज एरिया, प्रकाशन र वितरणको संख्या विवरण,
ड) लाभान्वित हुने अनुमानित जनसंख्या,
ढ) प्रेस काउन्सिलबाट वर्गीकरणको प्रमाण पत्रको प्रतिलिपी,

२०८०।०७।१५

कालिदास बस्याल
अधिकृतस्तर सातौं

<u>द्रष्टव्य</u> :

१) कागजपत्रको प्रतिलिपी पेश गर्दा संचार माध्यमको छाप र सम्बन्धित संचार माध्यमको प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछ ।
२) सूचिकृत हुन आउँदा सक्कल प्रति समेत साथमा लिई आउनु पर्नेछ ।
३) म्यादभित्र सूचिकृत हुन निवेदन पेश नगरेमा टेलिभिजनहरु, रेडियोहरु र छापा संचार माध्यमलाई अनुदानमा सम्मिलित गराइने छैन ।
४) थप जानकारीको लागी यस कार्यक्रम सम्बन्धी सञ्चारमाध्यमहरुलाई उत्पादन, प्रसारण र सहकार्य अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८० यस मन्त्रालयको वेबसाइट https://moial.lumbini.gov.np/ मा हेर्न सकिनेछ ।